# माछापुच्छ्रे गाँउपालिका

गाँउकार्यपालिकाको कार्यालय

लाहाचोक,कास्की

गण्डकी प्रदेश,नेपाल

दोस्रो पटक प्रकाशित मिति २०७५ /०७ /१५ गते

**ढुङ्गा,वालुवा गिट्टी,रोडाको कर तथा बिक्री शुल्क उठाउने ठेक्का बन्दोवस्त सम्बन्धी बोलपत्र आवाह्नको सूचना ।**

माछापुच्छ्रे गाँउपालिका गाउँकार्यपालिकाको कार्यालवाट स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद - ३, दफा ११ (घ) बमोजिम चालु आ.व.२०७५/०७६ का लागि तपशिल बमोजिमका नदीजन्य पदार्थ ढुङ्गा,वालुवा गिट्टी,रोडाको आय संकलन ठेक्का पट्टाको माध्यमबाट गर्नुपर्ने भएकोले ठेक्का पट्टा गर्नका लागि योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजतहरु संलग्न राखि तपशिलमा उल्लेखित मिति र समय भित्र यस कार्यालयको प्रभु बैंक लिमिटेड माछापुच्छ्रे शाखामा रहेको माछापुच्छ्रे गाँउपालिकाको खाता नं **१६६००१०१०९२२३४००००१** मा तोकीएको रकम वुझाई वोलपत्र फाराम यस कार्यालयबाट खरिद गरी मु.अ.कर र अग्रिम आयकर सहितको कूल कवोल रकम को ५ % (पाँच प्रतिशत ) ले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको नाममा रहेको प्रभु बैंक लिमिटेड माछापुच्छ्रे शाखामा रहेको माछापुच्छ्रे गाँउपालिकाको खाता नं **१६६००१०१०९२२३४००००४** मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक ग्यारेन्टी संलग्न राखी शिलवन्दी वोलपत्र फाराम पेश गर्न सकिने अथबा इच्छुक बोलपत्र खरिद कर्ताले सर्बजनिक खरिद अनुगमन कार्यालय (PPMO) को egp प्रणली www.bolpatra.gov.np/egp बाट बोलपत्र download गरि सोही प्रणली माफत पेश गर्न सकिनेछ ।

.खरिद भएका बोलपत्रहरुको प्रत्येक पानामा सहिछाप र खाम शिलबन्दी गरी खाम बाहिर फर्मको नाम ठेगाना र ठेक्काको नाम लेखी तपशिल मिति र समय भित्र खामबन्दी गरी यस कार्यालयमा वोलपत्र पेश गर्न सकिने छ । दर्ता हुन आएका शिलवन्दी वोलपत्रहरु सोह्रौ दिनको १:०० वजे यस कार्यालयमा वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न बाधा पर्ने छैन । थप जानाकारीको लागि गाउपालिकाको कार्यालय र Website www.machhapuchhremun.gov.np मा पनि हेर्न सक्नुहुनेछ ।

# तपशिल

**आवश्यक कागजातहरु**

- फर्म दर्ता प्रमाणपत्र प्रतिलिपि
- ठेक्कापट्टाको कार्यगर्न जारी नविकरण भएको इजाजत पत्रको प्रमाणित फोटोकपी
- मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित फोटोकपी
- करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

| ठेक्का नं | वडा नं. | घाटको नाम | उत्खनन् हुने अधिकतम परिमाण घ.मी. | न्यूनतम रकम कर वाहेक | बोलपत्र दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोल पत्र दाखिला गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|
| 05/MRM/GHAT/075-76 | २ | सार्दिखोला १ र २ | २१७८० | ३०,७६,८६१ | ३,००० | २०७५/०७/२९ समयः४ बजे सम्म | २०७५/०७/३० समयः१२ बजे सम्म |
| 06/MRM/GHAT/075-76 | २ | चैरा चिप्लेटि घाट १ र २ , भराभरि | ५३१०० | ७५,०१,४३७ | ३,००० | २०७५/०७/२९ समयः४ बजे सम्म | २०७५/०७/३० समयः१२ बजे सम्म |
| 07/MRM/GHAT/075-76 | ६,८ | ठुलो खोर ईदिखोला | ५७६०० | ८१,३७,१५२ | ३,००० | २०७५/०७/२९ समयः४ बजे सम्म | २०७५/०७/३० समयः१२ बजे सम्म |
| 08/MRM/GHAT/075-76 | | बेशिखेत ईदिखोला | ६७२०० | ९४,९३,३४४ | ३,००० | २०७५/०७/२९ समयः४ बजे सम्म | २०७५/०७/३० समयः१२ बजे सम्म |

## शर्त तथा बन्देजहरु

१.खरिद भएका बोलपत्रहरुको प्रत्येक पानामा सहिछाप र खाम शिलबन्दी गरी खाम बाहिर फर्मको नाम ठेगाना र ठेक्काको नाम लेखी माथि उल्लेखित मिति र समय भित्र खामबन्दी गरी यस कार्यालयमा वोलपत्र पेश गर्न सकिने छ वा सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को website www.bolpatra.gov.np/egp बाट अनलाईन बोलपत्र पेश गर्न सकिनेछ। दर्ता हुन आएका शिलवन्दी वोलपत्रहरु सोह्रौ दिनको १:०० वजे यस कार्यालयमा वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२.ठेकेदार र गाँउपालिका बीच ठेक्का शर्तहरुका सम्बन्धमा कुनै विवाद उठेमा माछापुच्छ्रे गाँउपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ । यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन । बोलपत्र स्वीकृत भई सम्झौता हुदा वातावरण संरक्षण ऐन नियमावली लगायत प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज समेत पालना गर्नु पर्नेछ ।

३.ठेक्का स्वीकृत पश्चात तोकिएको समय भित्र सम्झौता हुनु पूर्व नै कर सहितको कवुल रकम एकमुष्ट बुझाएमा ५ % पाँच प्रतिशत छुट दिइनेछ। सो नभए प्रथम किस्ता वापत कवोल रकम रकमको कम्तिमा ५० % कर सहितको रकम यस कार्यालयको खातामा जम्मा गर्नु पर्नेछ। ५० % रकमको हकमा नेपाल राष्ट्र बैकवाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैकवाट यस कार्यालयको नाममा जारी गरिएको २०७६ श्रावण मसान्त सम्म म्याद कार्य सम्पादन जमानत पेश गर्नु पर्नेछ । उक्त कार्य सम्पादन जमानत बरावरको रकम २०७५ फाल्गुन मशान्त भित्रमा यस कार्यालयको खातामा जम्मा गरिसक्नु पर्नेछ ।

४. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाँउपालिकाको तर्फवाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैक ग्यारेण्टीवाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाइने छ । असुल गर्न बाकि रकममा १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी वाँकी सरह असुल उपर गरिनेछ।

५. हुलाक मार्फत वोलपत्र पेश गर्नेको वोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय भित्र कार्यालयमा दर्ता भईसक्नु पर्नेछ । सो म्याद नाघी आएको वोलपत्रलाई मुल्याङ्कनमा समावेश गरिने छैन। कुनै शर्त राखि पेश गरेको र रीत नपुगेको वोलपत्र माथि कुनै कारवाही गरिने छैन।

६. नदी किनार तथा आसपासका बनस्पति र जीवजन्तुलाई असर नपर्ने गरी राष्ट्रिय लोकमार्ग सहायक लोकमार्गका दायाँ वायाँ निषेधित स्थान वाहेक तोकिएको स्थानवाट मात्र नदीको बहाव परिवर्तन नहुने गरी सुर्योदय देखि सुर्योस्तसम्ममा सम्म मा नदिजन्य पदार्थ झिक्न पाईनेछ । हावा चलेको वेलामा पानी चुहिने गरी धुलो उड्ने गरी ओभरलोड हुने गरी ढुवानी गर्न पाईने छैन ।

७.गण्डकी प्रदेश सरकारको ढुङ्गा गिट्टी बालुबा उत्खनन संकलन क्रसिङ्ग र बिक्रि वितरण र क्रसर उधोग संचालनलाई ब्यवस्थित गर्न बनेको कार्यबिधि २०७५ को अनुसुची ३ बमिजिमको मापदण्ड भित्रको क्षेत्रवाट ढुङ्गा , रोडा , ग्राभेल , गिट्टि र वालुवा निकाल्न पाइने छैन.

८. घाटसम्म जाने बाटोको निकास आफै ब्यवस्थापन गर्ने जिम्मेवारी स्वयं बोलपत्रदाताको हुनेछ ।

९.नदीजन्य पदार्थ निकासी गर्दा राष्ट्रिय र सहायक राजमार्गलाई असरपर्ने गरी सडक निर्माण गर्न पाईने छैन र असर नपर्ने गरी निर्माण गर्नु परेमा निर्माण गर्दा लाग्ने खर्च बोपत्रदाता स्वयंले ब्यहोर्नुपर्नेछ ।

१०.ढुङ्गा,ग्राभेल,गिट्टी,रोडा ,चोकर,वालुवा आदि उत्खनन एवं संकलन कार्यमा मेशिन प्रयोग गर्न निषेध गरिएको छ ।

११.ढुङ्गा,ग्राभेल,गिट्टी,रोडा ,चोकर,वालुवा समेतको कारोवार गर्दा वालश्रमको प्रयोग निषेध गरिएको छ । वातावरणमा प्रतिकूल असर पर्ने प्रविधि अपनाउन पाइनेछैन । मजदुरको ज्यालाको हकमा जिल्ला दररेटमा कम नहुने गरी ज्याला दिनु पर्नेछ ।

१२.नदि ,खोला,वगर एवं सार्वजनिक आवागमनमा वाधा हुने गरी संकलित सामान जम्मा गर्न पाइनेछैन ।

१३. वोलपत्रका सम्वन्धमा थप केही वुझ्न परेमा कार्यालय समयमा राजश्व शाखामा सम्पर्क गरी वुझ्न सकिने छ । साथै विस्तृत विवरण वोल पत्र फाराम साथ उपलब्ध गराइनेछ ।

१४.आ.व २०७५/०७६ का केहि महिना नेपाल सरकारको निर्णयले घाट वन्द भएमा कार्यसमयावधि सोहि बमोजिम कायम हुनेछ र उल्लेखित परिमाण सोहि समयावधिमा विक्री गर्नु पर्नेछ । त्यसका लागि वोलपत्रदाताले कुनै क्षतिपूर्ति वा हर्जनाको माग गर्न पाउने छैन ।

१५.अनुगमन समितिको निर्णय बमोजिम निर्धारण गरिएको क्षेत्रमा ठेकेदार आफैले संकलित सामाग्रीको घाटगद्धी गरेर मात्र विकी वितरणको ब्यवस्था मिलाउनु पर्नेछ । घाटगद्धी गर्दा लाग्ने खर्च ठकेदार स्वयंले नै व्यहोर्नु पर्नेछ ।

१६.वोलपत्रदाताले ढुङ्गा,ग्राभेल,गिट्टी,रोडा ,चोकर,वालुवा विक्री गर्दा आ.व.०७५/०७६ को लागि जिल्ला दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट भन्दा बढि हुने गरी विक्री गर्न पाउने छैन ।

१७.वोलपत्रदाताले आफूले निकासी गरेको परिमाणको विकी विवरण अनिवार्य रुपमा गाँउपालिकामा मासिक रुपमा पेश गर्नुपर्नेछ ।

१८.स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेखित विषयहरु पलना गर्नुपर्ने शर्तहरु जोखिम न्यूनिकरणका लागि तोकिने मापदण्डहरु प्रत्येक क्षेत्रबाट उठाउन सकिने प्राकृतिक

स्रोत ढुङ्गा,ग्राभेल,गिट्टी,रोडा ,चोकर,वालुवाको परिमाण समेतका विषयहरु सोही (IEE) प्रतिवेदनले निर्दिष्ट गरे बमोजिम हुनेछन् तिनको पालना गर्नु बोलपत्रदाताको कर्तब्य हुनेछ ।

१९.नदि खोलामा Back-hoe , Excavator चलाउन वा पानीको बहावलाई प्रभाव गरी अस्थायी पुल वा ह्युम पाइप राख्न पाईने छैन ।सो प्रयोजनको लागि गाँउपालिका ले कुनै अनुमति दिनेछैन । नदि वा खोलाको वारीपट्टी भएको माल वारीपट्टी बाटै र पारीपट्टी भएको माल पारीपट्टी बाटै बाटो आफै व्यवस्था गरी ठेकेदारले लैजाने गरी ब्यवस्था मिलाउनु पर्नेछ ।

२०. उल्लेखित न्युनतम रकम मु.अ.कर र अग्रिम आयकर वाहेक रहेको छ । वोलपत्रदाताले कवोल रकममा मु.अ. कर र अगिरुम आयकर समेत जोडी दाखीला गर्नु पर्नेछ ।

२१.वोलपत्र खरिद वा दाखिलाको अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्टलाई अन्तिम दिन मानिने छ ।

२२.वोलपत्र पूर्ण वा आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहने छ । कार्यालयले आवश्यक नठानेमा जुन सुकै चरणमा पनि आशिंक वा पुरै वोलपत्र प्रक्रिया रद्ध गर्न सक्नेछ ।

२३.यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ । नेपाल सरकार प्रदेश सरकार र गाँउपालिकाले समय समयमा दिएका निर्देशनहरु पलन गर्नु बोलपत्रदाताको कर्तब्य हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत